# E-Traノート प्रयोग गर्नेबारे

यो स्कुलमा अभिभावकसँग सम्पर्क गर्न E-Traノート(E-Tra नोट) प्रयोग गरिन्छ।




## E-Traノート बारे

अहिलेसम्म कागजले मात्र दिँदै आएको सूचना, आकस्मिक परिवर्तन वा ल्याउनुपर्ने सामानबारे अभिभावकलाई मेलद्वारा सीधै जानकारी दिइनेछ| जापानी भाषा आफ्नो मातृभाषा नभएकाहरूका लागि तपाईंहरूको आफ्नै मातृभाषामा अनुवाद गरेर वितरण गरिनेछ|

<समर्थन गरिएको भाषा>
जापानी, अंग्रेजी, चिनियाँ(सरल अक्षर), उर्दू, पोर्चुगिज(ब्राजिल), फिलिपिनो, भियतनामिज, नेपाली र स्पेनिश

## अभिभावकहरूलाई अनुरोध

**सूचना पठाउनको लागि अभिभावकले आफ्नो इमेल ठेगाना र भाषाको जानकारी दर्ता गरिदिनुहुन अनुरोध गर्दछौं|**

## व्यक्तिगत जानकारीको सम्झौता

**प्रयोग गर्नको लागि निम्न कुराहरू राम्रोसँग पढ्नुहोस्|**

### "E—Traノート(E-Tra नोट)" व्यक्तिगत जानकारीको प्रयोगबारे

"E-Traノート(E-Tra नोट)"ले (अबउप्रान्त "यो सेवा" भनिन्छ) तोप्पान छापाखाना लिमिटेडले संचालन गर्ने "स्कुलबाट आउने सूचना यो सेवा प्रयोग गर्ने अभिभावकलाई (अबउप्रान्त अभिभावक भनिन्छ) खबर गर्ने जस्ता" सेवालाई बुझाउँछ। यो स्कुलले व्यक्तिगत जानकारी प्रयोग गर्दा त्यसलाई यो सामग्रीको आधारमा रेखदेख गर्नेछ।

１. व्यक्तिगत जानकारी सुरक्षितसाथ राख्नेबारे
यो स्कुलले यो सेवामा दर्ता गर्नको लागि दिइएको व्यक्तिगत जानकारीलाई कडा सुरक्षाका साथ रेखदेख गर्छ। अवैध एक्सेस, हराउने, बिग्रने, जानकारी परिवर्तन वा चुहावट जस्ता कुराहरूदेखि व्यक्तिगत जानकारीको रक्षा गर्नको लागि सुरक्षाको प्रबन्ध गर्नुका साथै यदि समस्या परेको खण्डमा पनि उचित र तुरुन्तै समाधान गर्नेछ।

２. प्रयोग गर्ने उद्देश्यबारे
यो स्कुलले यो सेवा प्रयोग गर्नको लागि निम्न व्यक्तिगत जानकारी (１) को दर्ता गर्न अनि अभिभावकलाई (２) को दर्ता गर्न अनुरोध गर्छ। यो सेवामा (２) को दर्ता पूरा गरेको व्यक्तिलाई यो स्कुलबाट खबर गर्ने कुरा (２) मा दर्ता गरेको प्रयोग गर्ने भाषामा अनुवाद गरेरे इमेल ठेगानामा पठाउनको लागि मात्र प्रयोग गरिन्छ तर यस बाहेक अरू उद्देश्यको लागि प्रयोग गरिनेछैन।
(１) विद्यार्थीको जानकारी : यो स्कुलको विद्यार्थी सम्बन्धी जानकारी (विद्यार्थीको नाम, कक्षा, अल्फाबेट अनुसारको व्यक्तिगत नम्बर)
(２) अभिभावकको जानकारी : अभिभावकको जानकारीको दर्ता गर्ने स्क्रिनमा अभिभावकले दर्ता गर्ने अभिभावक सम्बन्धी व्यक्तिगत जानकारी (प्रयोग गर्ने भाषा / इमेल ठेगाना)

３. व्यक्तिगत जानकारी तेस्रो व्यक्तिलाई दिने कुराबारे
यो सेवामा दर्ता गर्ने व्यक्तिगत जानकारी सैद्धान्तिक रूपमा निम्न अवस्था बाहेक तेस्रो व्यक्तिलाई दिइनेछैन। यस बाहेक तेस्रो व्यक्तिलाई दिनुपर्ने अवस्था भएको खण्डमा इमेलद्वारा जस्ता तरिकाले त्यो कुरा बताएर अनुमति मागिनेछ।
(１) अभिभावकबाट पहिल्यै अनुमति पाएको खण्डमा
(２) तपाईंको वा अरू व्यक्तिको जीवन, शारीरिक वा भौतिक कुराहरूको रक्षा गर्न, सामाजिक स्वास्थ्यको विकास अथवा विद्यार्थीको स्वास्थ्यकर हुर्काइको विकास गर्नको लागि आवश्यक पर्नुका साथै अभिभावकबाट अनुमति पाउन गाह्रो भएको खण्डमा
(３) सरकारी संघ-संस्था, स्थानीय सार्वजनिक संस्था अथवा त्यस संस्थाले अधिकार सुम्पिएको व्यक्तिले कानुन अनुसार काम पूरा गर्न सहयोग दिनुपर्ने अनि तपाईंको अनुमति पाउने कुराले गर्दा त्यो काम पूरा गर्न बाधा हुने सम्भावना भएको खण्डमा
(４) कानुनी रूपमा व्यक्तिगत जानकारी खुलाउने माग गरिएको खण्डमा

４. व्यक्तिगत जानकारी प्रयोग गर्ने अधिकार सुम्पनेबारे
यो सेवा प्रयोग गर्दा २.मा उल्लेख गरिए अनुसार प्रयोग गर्ने उद्देश्य पूरा गर्नको लागि दर्ता गरिएको व्यक्तिगत जानकारी प्रयोग गर्ने अधिकार तोप्पान छापाखाना लिमिटेडलाई आवश्यक पर्ने जानकारी मात्र सुम्पनेछ अनि व्यक्तिगत जानकारीको चुहावट जस्ता कुरा नहुन तोप्पान छापाखाना लिमिटेडको निगरानी गरिनेछ।

５. व्यक्तिगत जानकारी खुलाउने, सच्याउने, मेटाउने र बन्द गर्ने जस्ता माग गरिएमा
यो स्कुलले दर्ता गरिएको व्यक्तिगत जानकारीबारे अभिभावकबाट आफ्नो वा आफ्नो बच्चाको व्यक्तिगत जानकारीको प्रयोग गर्ने उद्देश्य बुझाउने वा त्यसलाई खुलाउने, त्यसको विवरण सच्याउने, थप्ने वा मेटाउने, प्रयोग गर्ने बन्द गर्ने, पूरै मेटाउने अनि तेस्रो व्यक्तिलाई दिन निषेध गर्ने ("खुलाउने जस्ता काम" भनिन्छ) कुराबारे सोधपुछ गरिएको खण्डमा अभिभावकको इच्छाको कदर गर्दै उचित तरिकामा ढिलासुस्ती नगरी कदम चाल्नेछ। (तर यो सेवा संचालन गर्न व्यक्तिगत जानकारी नभई नहुने कुरा भएकोले व्यक्तिगत जानकारी सच्याउने, नवीकरण गर्ने वा मेटाउने गरेको परिणाम स्वरूप अरू उपाय नभएर यो सेवाको केही वा पूरै भाग प्रयोग गर्न नसक्ने अवस्था हुन सक्छ भन्ने कुरा स्वीकार्नुहोस्।) खुलाउने जस्ता काम माग गर्न वा अरू विषयमा सोधपुछ गर्न त्यसको जिम्मा पाएको शिक्षकसँग सम्पर्क गर्नुहोस्।

अभिभावकले यहाँ उल्लेखित कुराहरू बुझेर सहमत हुनुभए पछि यो सेवा प्रयोग गर्नुहोस्।

Copyright©2023 TOPPAN INC.
Supervised by H.Wakabayashi

ネパール語 TOPPAN